लुम्बिनी प्राविधिक विश्वविद्यालय
LUMBINI TECHNOLOGICAL UNIVERSITY
इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थान
Institute of Engineering and Information Technology
डिनको कार्यालय
Office of the Dean

# स्नातक तहमा रजिष्ट्रेशन फाराम पुनः खोलिएको सम्बन्धी सूचना।

(प्रकाशित मितिः २०८२/१२/१८ गते)

शैक्षिकसत्र २०८२/०८३ मा स्नातक तह **B.Tech in Civil Engineering, B.Tech in IT Engineering, B.Tech in CS & AI** र **B.Tech in IT** कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूमध्ये केहि विद्यार्थीहरुको विशेष कारणबस रजिष्ट्रेसन फाराम भर्न छुटेकोले परीक्षा समितिको मिति २०८२/१२/१७ गतेको निर्णय अनुसार **मिति २०८२/१२/१८ र १९** गतेका लागी पुनः रजिष्ट्रेसन फाराम खोलिएको जानकारी गराईन्छ।
रजिष्ट्रेसन फाराम भर्न छुटेका विद्यार्थीहरुको उक्त मिति भित्र **sis.ltu.edu.np** मा प्रवेश परीक्षाको समयमा प्रयोग गरिएको **Username** र **Password** प्रयोग गरी आफ्नो सम्पूर्ण विवरण सही भए/नभएको यकिन गर्न तथा कुनै विवरण छुटेको भए आवश्यक जानकारी भरी निम्न कागजातहरू अपलोड गरी रजिष्ट्रेशन फाराम अनिवार्य रूपमा भर्नु हुन र **सक्कल माईग्रेसन** इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानको प्रशासन शाखामा बुझाउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू:**

१. पासपोर्ट साइजको फोटो (एक प्रति)
२. एस. इ. इ वा सो सरह पास गरेको लब्धांकपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
३. +२ वा सो सरह उत्तीर्ण गरेको लब्धांकपत्र, **सक्कल माईग्रेसन** र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
४. विदेशी शैक्षिक संस्था वा विदेशी संस्थासँग सम्बन्धन प्राप्त कलेजहरूमा अध्ययन गरी आएका विद्यार्थीहरूको समकक्षता निर्धारण (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनुपर्नेछ।
५. नागरिकताको प्रतिलिपि

**पुनश्चः**
तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नभर्ने विद्यार्थीको भर्ना रद्द गरिनेछ साथै पहिलो सत्रान्तको तिर्नुपर्ने शुल्क बाँकी रहेका विद्यार्थीहरूलाई सम्पूर्ण शुल्क बुझाई रजिष्ट्रेशन फाराम भर्न सूचित गरिन्छ।

...............
डा. निरज के. सी.
डिन